कोहलपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ०६ संख्या: ०७ मिति: २०७९/०९/०१


**भाग - ०२**

**कोहलपुर नगरपालिका**

## “कोहलपुर नगरपालिकाको अपायक माध्यमिक विद्यालयमा अध्ययनरत विपन्न छात्राहरूका लागि साइकल वितरण कार्यविधि – २०७९”

प्रस्तावनाः

कोहलपुर नगरपालिका अन्तरगत आधारभूत तहको अध्ययन पुरा गरी माध्यमिक तह कक्षा ९ मा अपायक माध्यमिक विद्यालयमा अध्ययनरत छात्राहरूका लागि पठनपाठनमा सहजता प्रदान गरी माध्यमिक शिक्षामा छात्राहरूको पहुँच कायम गर्न र विद्यालयमा नै टिकाई राख्न कोहलपुर नगरपालिकाको आ. व. २०७९/०८० को शिक्षा तर्फ अपायक माध्यमिक विद्यालयहरुमा अध्ययनरत विपन्न विद्यार्थीहरुको लागि साईकल वितरण कार्यक्रममा बजेट विनियोजन गरिएकोले कोहलपुर नगरपालिका शिक्षा ऐन २०७६ को दफा ७२ को उपदफा १ को अधिकार प्रयोग गरी "कोहलपुर नगरपालिकाको अपायक माध्यमिक विद्यालयमा अध्ययनरत विपन्न छात्राहरूका लागि साइकल वितरण कार्यविधि -२०७९ जारी गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “माध्यमिक विद्यालयहरुमा अध्ययनरत विपन्न छात्राहरुको लागि साइकल खरिद तथा वितरण २०७९” रहेको छ ।

(२) यो कार्यविधि कोहलपुर नगरपालिका अन्तरगतका निर्धारित क्षेत्रमा लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “नगरपालिका” भन्नाले कोहलपुर नगरपालिका सम्झनु पर्नेछ ।

(ख) “नगर शिक्षा समिति” भन्नाले कोहलपुर नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनुपर्छ ।

(ग) "शिक्षा शाखा" भन्नाले कोहलपुर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(घ) "विद्यालय" भन्नाले यस कोहलपुर नगरपालिका अन्तरगत संचालित सामुदायिक विद्यालय सम्झनुपर्छ।

(ङ) “अपायक विद्यालय” भन्नाले विद्यालय आधारभूत तह पुरा गरी माध्यमिक तह अध्ययनका लागि बाध्यकारी रुपमा अन्यत्र अपायक विद्यालयमा जानु पर्ने विद्यालय सम्झनु पर्नेछ।

(च) “माध्यमिक शिक्षा” भन्नाले कक्षा ९ देखि १२ सम्म दिइने शिक्षा बुझ्नु पर्दछ। त्यस्तो शिक्षा दिने विद्यालयलाई माध्यमिक विद्यालय बुझ्नु पर्दछ।

## परिच्छेद-२
## सूचना प्रकाशन

**३. सूचना प्रकाशन** : (१) लक्षित छात्राहरू छनौट गर्न आधारभूत तहको अध्ययन पुरा गरी माध्यमिक तह अध्ययनका लागि अन्यत्र अपायक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि ७ दिने सार्वजनिक सूचना गरी विद्यालयको सिफारिस सहित तोकिएका कागजात सहित निवेदन माग गरिने छ।

(२) उपदफा (१) बमोजिमको सूचना नगरपालिकाको वेवसाइट राखिनुका साथै सम्बन्धित विद्यालयहरुमा तथा सबैको पहुँचमा रहेको स्थानीय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ।

(३) निवेदनको ढाँचा अनुसूचि - १ बमोजिम हुनेछ।

(४) साईकल खरिद प्रक्रिया प्रचलित ऐन तथा नियमानुसार खरीद गरिनेछ।

**४. लक्षित छात्रा छनौट गर्ने आधार :-**

(क)लाभग्राही छात्राहरू कोहलपुर नगरपालिका अन्तरगतका ने.रा.आ.वि. लखनवार, ने.रा.आ.वि. चौधरिया तथा ने.रा.आ.वि. चन्नहवाबाट आधारभूत तहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

(ख) लाभग्राही छात्राहरू सामुदायिक माध्यमिक विद्यालयको माध्यमिक तहमा अध्ययनरत हुनु पर्नेछ।

(ग) सम्बन्धित वडा कार्यालयबाट विपन्नताको सिफारिस पेश गर्नु पर्नेछ।

**५. लक्षित छात्रा छनौट गर्ने प्रकृया :-**

(क) शिक्षा युवा तथा खेलकुद शाखा मार्फत लक्षित छात्राहरूका लागि तथ्यांक संकलन गर्न सम्बन्धित विद्यालय तथा छात्राहरूका लागि सूचना जारी गरिनेछ।ला

(ख) सम्बन्धित सामुदायिक विद्यालयहरुले शिक्षा शाखाबाट फारम लगी सम्बन्धित विद्यार्थीहरुलाई फारम भराउनु पर्नेछ।

(ग) विद्यार्थीहरुले विद्यालयले उपलब्ध गराएको फारम भरी आफ्नो अभिभावकहरुबाट प्रमाणित गराई विद्यालयमा वुझाउनु पर्नेछ।

(घ) विद्यालयका प्रधानाध्यापकले विद्यार्थीहरुले आफ्ना अभिभावकहरुबाट प्रमाणित गरी ल्याएको फारामहरुमा भएको विवरणहरू सत्य तथ्य छानबिन सहित प्रमाणित गरी एकमुष्ट रुपमा शाखामा पेश गर्नु पर्नेछ।

(ङ) विद्यालयबाट प्राप्त तथ्यांकका आधारमा लक्षित छात्राहरूको संख्या यकीन गरी साइकल खरिदका लागि शाखाले नगरपालिका समक्ष पेश गर्नेछ।

(च) साइकल बुझिसकेपछि कार्यान्वयनका सिलसिलामा कुनै खराबी आएमा कम्पनीको शर्त बमोजिमको ग्यारेन्टी/वारेन्टीबाहेक मर्मत सम्भारको खर्च सम्बन्धित विद्यार्थीले नै व्यहोर्नु पर्नेछ।

(छ) साइकलको उचित प्रयोग र संरक्षण गर्ने दायित्व लाभग्राही विद्यार्थीको हुनेछ।

(ज) लाभग्राही छात्राले अध्ययन बिचैमा छाडेमा प्रोत्साहन स्वरूप प्राप्त गरेको साइकल नगरपालिकामा नै फिर्ता गर्नु पर्नेछ।

## परिच्छेद - ३
## छनौट तथा सिफारिस समिति

**६. छनौट तथा सिफारिस समिति** : (१) साइकल खरिद गर्नको लागि निर्धारित समयभित्र पेश गरिएका निवेदन स्वीकृत तथा छनौट गरी खरिद समितिमा सिफारिस गर्नका लागि नगरपालिकामा देहाए बमोजिमको छनौट तथा सिफारिस समिति रहनेछ। छनौट समितिमा संयोजकले आवश्यकता अनुसार थप विज्ञ आमन्त्रण गर्ने सक्नेछ।

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख प्रशासकिय अधिकृत | - | संयोजक |
| (ख) | सामाजिक विकास समिति संयोजक | - | सदस्य |
| (ग) | आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि | - | सदस्य |
| (घ) | जिन्सी तथा खरिद शाखा प्रमुख वा प्रतिनिधि | - | सदस्य |
| (ङ) | शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि | - | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमका निवेदनहरुको छनौट तथा मूल्यांकनका मापदण्डहरु निम्नानुसार रहने छन।

(क) सम्बन्धित विद्यार्थीको निवेदन अनुसूची -१ बमोजिम को ढाँचामा

(ख) विद्यालयमा अध्ययनतर रहेको विद्यालयको सिफारिस

(ग) सम्बन्धित वडा कार्यालयले विपन्न सिफारिस गरेको कागजात

(घ) सम्बन्धित विद्यार्थीको जन्मदर्ता वा नागरिकताको प्रमाण पत्र

(ङ) दुई प्रति पासपोर्ट साइजको हालसालै खिचेको फोटो

(३) प्राप्त निवेदनहरु स्वीकृत गरी खरिद प्रक्रियाको लागि खरिद समितिमा पेश गर्नु पर्नेछ।

(४) स्वीकृत निवेदन अनुसार लाभार्थी छात्राहरुको नामावली नगरपालिकाको वेवसाइट वा सूचना पाटीमा सार्वजनिक गरिनेछ।

## परिच्छेद – ४
## विविध

**७. खरिद प्रक्रिया :** साइकल खरिद प्रक्रिया प्रचलित कानून बमोजिम हुने छ। साथै नगरपालिकाको कार्यविधि बमोजिम हुने आवश्यक बैठक भत्ता, खाना तथा खाजा खाजा लगायत प्रशासनिक खर्च आ. व. २०७९/०८० मा साइकल खरिदका लागि विनियोजित बजेट मार्फत नै खर्च गरिनेछ।

८. **कार्यक्रम अनुगमन प्रतिवेदन** : कार्यक्रमको अनुगमन गरी सो को प्रतिवेदन पेश शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुनेछ ।

९. **बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा कोहलपुर नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

१०.**संशोधन तथा हेरफेर :** यस कार्यविधिमा संशोधन एवम् हेरफेर गर्न आवश्यक ठानेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

दफा (५) सँग सम्बन्धित निवेदनको ढाँचा

मिति : ........................

श्रीमान प्रमुखज्यू

शिक्षा, युवा तथा खेलकुद शाखा, कोहलपुर - बाँके।

विषय : साइकल उपलब्ध सम्बन्धमा।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिकाको आ. व. २०७९/०८० को शिक्षातर्फको स्वीकृत कार्यक्रम अन्तरगत "अपायक माध्यमिक विद्यालयमा अध्ययनरत विपन्न बालवालिकाहरुका लागि साइकल प्रोत्साहन" कार्यक्रम रहेको हुँदा मैले अध्ययन गर्ने विद्यालय अपायक भएको र म नियमित विद्यालयमा गएर पठन पाठन गर्ने छात्रा भएको हुँदा मेरो पठन पाठन कार्यलाई निरन्तरता दिन साइकल उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु। साथै साइकलको सही उपयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै तोकिए बमोजिमका कागजातहरु सहित यो निवेदन पेश गरेको छु।

.....................................

निवेदक विद्यार्थीको हस्ताक्षर

**निवेदक विद्यार्थीको व्यक्तिगत विवरण :-**

विद्यार्थीको नाम, थर :

हालको अध्ययनरत विद्यालय :

आधारभूत तह उत्तीर्ण गरेको विद्यालय :

विद्यार्थीको बुवाको नाम थर : आमाको नाम थर :

स्थायी ठेगाना : प्रदेश : जिल्ला : स्थानीय तह : वडा नं. :

हालको ठेगाना : प्रदेश : जिल्ला : स्थानीय तह : वडा नं. :

जन्म मिति : अध्ययनरत तह/कक्षा:

विद्यालयको ठेगाना : सम्पर्क नम्बर :

**<u>संलग्न गर्नु पर्ने कागजातहरु :</u>**

(क) विद्यार्थीको परिचयपत्रको प्रतिलिपि

(ख) विद्यार्थीको जन्मदर्ता वा नागरिकताको प्रतिलिपि

(ग) अभिभावकको नागरिकताको प्रमाणित प्रतिलिपि

(घ) विद्यालयको सिफारिस पत्र

(ङ) सम्बन्धित वडा कार्यालयको विपन्न सिफारिस पत्रको प्रतिलिपि

**प्रमाणीकरण मिति:**
**मिति: २०७९/०८/२९**

**आज्ञाले**
**टिकाराम ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**